आज मिति २०७८ साल फाल्गुन २० गते शुक्रवार दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको बैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

**उपस्थिति**

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री डम्बर बहादुर कार्की | |
| ४ | सदस्य | श्री भिम प्रसाद राई | |
| ५ | सदस्य | श्री गणेश बहादु खत्री | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री राज कुमार राई | |
| १० | सदस्य | श्री उदिमान श्रेष्ठ | |
| ११ | सदस्य | श्री बम बहादुर श्रेष्ठ | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री तुलसीमाया ठाडा मगर | |
| १४ | सदस्य | श्री पवित्र राई | |
| १५ | सदस्य | श्री शुकमाया राई | |
| १६ | सदस्य | श्री अमर बहादुर वि.क. | |
| १७ | सदस्य | श्री लक्ष्मण हायु | |
| १८ | सचिव | श्री धन कुमार राई | |
| १९ | प्रशासन अधिकृत | श्री ज्ञानेन्द्र राई | |
| | | | |
| | | | |
| | | | |

प्रमुख प्रशासकीय अधिकृत

२०७८/११/२०

आमचोक गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बालसा, भोजपुर

०७८/११/२०

**प्रस्तावहरु**

१. छुवाछुत मुक्त स्वघोषणा कार्यक्रमको समिक्षा सम्वन्धमा
२. विशेष गाउँसभाको मिति तय सम्वन्धमा
३. खेलकुद विकास समितिको प्रस्ताव स्वीकृति सम्वन्धमा
४. राष्ट्रपती रनिङसिल्ड प्रतियोगिताको लागि विद्यालय छनौट सम्वन्धमा
५. फिजियोथेरापी सेन्टर स्थापनाको लागि स्वास्थ्य संस्था छनौट सम्वन्धमा
६. सिविआर सहजकर्ताहरुको करार म्याद थप सम्वन्धमा
७. श्रोत साझेदारी प्रतिवद्धता सम्वन्धमा
८. शिक्षा समितिको निर्णय अनुमोदन सम्वन्धमा
९. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्राविधिक सहायक छनौट सम्वन्धमा
१०. लेखा शाखा प्रमुखको थप प्रोत्साहन भत्ता सम्वन्धमा
११. अनुगमन समितिको प्रतिवेदन स्वीकृती सम्वन्धमा

**निर्णय**

**प्रस्ताव नं.१** माथि छलफल भइ मिति २०७८ फाल्गुन १ गते नेपाल सरकारको अर्थमन्त्री माननीय जनार्दन शर्मा ज्यूको प्रमुख आतिथ्यतामा आमचोक गाउँपालिकालाई छुवाछुत मुक्त स्वघोषणा कार्यक्रम सम्पन्न भएकोमा सो कार्यक्रमको विस्तृत समिक्षा गरियो । सो कार्यक्रम सामाजिक सांसकृतिक परिवर्तनको लागि अत्यन्तै प्रभावकारी भएको र छुवाछुत नगर्न र नगराउन वडा र टोल वस्तीसम्म व्यवहारमा ल्याउनु पर्ने निष्कर्ष निकालियो ।

**प्रस्ताव नं.२** माथि छलफल भइ आर्थिक वर्ष २०७८/७९ को विशेष गाउँसभा २०७८ फाल्गुन २९ गते संचालन गर्ने ।

**प्रस्ताव नं.३** माथि छलफल भइ गाउँपालिका स्तरीय खेलकुद विकास समितिको तर्फवाट पेश भएको खेलकुद कार्यक्रम संचालन सम्वन्धी साथै खेलकुद विकास समितिले व्यहोरर्ने रकम रु. १,६८,२५०। सहित जम्मा रु. ३१,१८,२५०। ( एकतिसलाख अठाह्रहजार दुइसय पचास मात्र) को प्रस्ताव स्वीकृति गर्ने ।

**प्रस्ताव नं.४** माथि छलफल भइ आर्थिक वर्ष २०७८/७९ मा संचालन हुने राष्ट्रपती रनिङसिल्ड प्रतियोगिता सरस्वति मावि, यूँ मा संचालन गर्ने ।

**प्रस्ताव नं.५** माथि छलफल भइ अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम अन्तर्गत फिजियोथेरापी सेन्टर स्थापनाको लागि वालंखा स्वास्थ्य संस्था छनौट गर्ने ।

२०७८/११/२०
प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वालंखा, भोजपुर
१ नं प्रदेश नेपाल

०७८/११/२०

**प्रस्ताव नं.६** माथि छलफल भइ अपांगता रोकथाम तथा पुनस्थापना कार्यक्रम तर्फको सिविआर सहजकर्ताहरुको करार म्याद २०७८ पौष मसान्तदेखि समाप्त भएकोले २०७९ असार मसान्त सम्मको लागि करार म्याद थप गर्ने । २०७८ माघ महिनादेखि सिविआर सहजकर्ताहरुको प्रशासनीक खर्च शिर्षकवाट मासिक १५००। यातायात खर्च उपलब्ध गराउने ।

| **क्र.सं.** | **नाम** | **ठेगाना** |
|---|---|---|
| १ | बिशाल बस्नेत | आमचोक ३ |
| २ | सुरेश सुवेदी | आमचोक ३ |
| ३ | कला तोलाङ्गे | आमचोक ५ |
| ४ | निशा राई | हतुवागढी ७ |

**प्रस्ताव नं.७** माथि छलफल भइ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको मिति २०७८/९/२७ को पत्र अनुसार एम आइ एस अपरेटर र फिल्ड सहायक कर्मचारीहरुको लागि पारिश्रमिक रकमको ५० प्रतिशत श्रोत साझेदारी गर्ने गरी प्रतिवद्धता जनाउने ।

**प्रस्ताव नं.८** माथि छलफल भइ शिक्षा समितिको २०७८।११।१५ गतेको वैठकको सिफारिस वमोजिम आ.व. २०७८।०७९ मा कार्य सम्पादनमा आधारित अनुदान प्रत्येक विद्यालय रु ५० हजार र विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान ६ लाख ५० हजार र विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान रु ६ लाख ५० हजार तपशिल अनुसारको विद्यालयहरु छनौट गर्ने ।

क) कार्य सम्पादनमा आधारित अनुदान तर्फ

- श्री पञ्चावती प्रा वि आमचोक २
- श्री चोमोलुङ्मा प्रा वि आमचोक ३
- श्री जनकल्याण प्रा वि आमचोक ३
- श्री पृथ्विजय प्रा वि आमचोक ६
- श्री जनशिक्षा प्रा वि आमचोक ९

ख) विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान तर्फ

- श्री जनता आधारभूत विद्यालय आमचोक १० पाँचा

ग) विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान तर्फ

- श्री लक्ष्मी मा वि आमचोक १० पाँचा

**प्रस्ताव नं.९** माथि छलफल भइ रोजगार सेवा केन्द्रको लागि (प्राविधिक सहायक)सहायक स्तर पाँचौ पदको मिति २०७८ माघ १८ गते विज्ञापन प्रकाशन गरी फाल्गुन १९ गते संचालित लिखित परिक्षामा न्यूनतम अंक कुनै पनि परिक्षार्थीले प्राप्त गर्न नसकेकोले पुन दोश्रो पटक सूचना विज्ञापन गर्ने ।

२०७८/११/२१
प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर ... प्रदेश नेपाल

२०७८/११/२०

**प्रस्ताव नं.१०** माथि छलफल भइ हाल यस गाउँपालिकाको लेखा प्रमुख सरुवा भइ गएको र अर्को व्यवस्था नभए सम्मको लागि कोलेनिकाले यस गाउँपालिकामा नापि कार्यालय दिंला भोजपुरवाट तलव भत्ता खानेगरी थप कामकाज गर्न सहलेखापाल श्री केसप सोरालीलाई पठाएकोले हाजिर भएको मितिदेखि लागु हुने गरी मिति २०७८ माघ १७ गतेको कार्यपालिकाले शुरु तलव मानको ५० प्रतिशत प्रोत्साहन भत्ता उपलव्ध गराउने निर्णय भएकोमा पुन २५ प्रतिशत थप गरी ७५ प्रतिशत प्रोत्साहन भत्ता उपलव्ध गराउने ।

**प्रस्ताव नं.११** माथि छलफल भइ अनुगमन समितिले कार्यपालिका समक्ष पेश गरेको पहिलो चौमासिकको प्रतिवेदनलाई स्वीकृत गर्ने ।

२०७८/११/२०

प्रमुख प्रशासकीय अधिकृत